आज मिति २०८० साल चैत्र २५ गते आइतवारको दिन आमचोक गाउँपालिकाको अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा वसेको गाउँ कार्यपालिकाको वैठक देहाय बमोजिम सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो ।

## उपस्थिति

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री निम्नुरी शेर्पा | |
| ४ | सदस्य | श्री राम वहादुर खड्का | |
| ५ | सदस्य | श्री गोपाल राई | |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | |
| ७ | सदस्य | श्री राम प्रसाद राई | |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | |
| ९ | सदस्य | श्री नविन राई | |
| १० | सदस्य | श्री सन्तोष राई | |
| ११ | सदस्य | श्री रोशन मगर | |
| १२ | सदस्य | श्री बालदिप राई | |
| १३ | सदस्य | श्री सुक माया राई | |
| १४ | सदस्य | श्री शान्ति राई | शान्ति राई |
| १५ | सदस्य | श्री सुजता प्रधान | |
| १६ | सदस्य | श्री भवानी विष्ट | - |
| १७ | सदस्य | श्री मञ्जु भुजेल | |
| १८ | सदस्य | श्री गोविन्द परियार | |
| १९ | सचिव | श्री धन कुमार राई | |
| २० | कृषि शाखा प्रमुख | श्री भुवनेश्वर यादव | - |
| २१ | प्राविधिक शाखा प्रमुख | ई.विपन सुवेदी | |
| २२. | प्रशासन शाखा प्रमुख | श्री राजेश राई | |

प्रमुख प्रशासकीय अधिकृत
२०८०/१२/२५

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बालंखा, भोजपुर

०८०/१२/२५
अशोक राई
अध्यक्ष

**प्रस्तावहरु**

१. अस्पतालको क्षमतावृद्धि स्वीकृत माग सम्वन्धमा
२. शीत भण्डार गृह निर्माणको प्राविधिक प्रस्ताव स्वीकृति सम्वन्धमा
३. प्रदेश सरकारलाई आर्थिक वर्ष २०८१/८२ को योजना माग सम्वन्धमा
४. बालन खानेपानी योजनाको रनिङ विल भुक्तानी सम्वन्धमा
५. स्यानिटरी प्याड खरीद सम्वन्धमा
६. ल्यापटप र प्रिन्टर खरीद सम्वन्धमा
७. डम्पिङ साइत निर्माणको लागि निशुल्क जग्गा प्राप्ति सम्वन्धमा
८. विपन्न नागरिक उपचार कोष सहयोग सम्वन्धमा
९. आर्थिक वर्ष २०८१/८२ को गाउँसभाको कार्यतालिका स्वीकृति सम्वन्धमा
१०. विपद व्यवस्थापन समिति गठन सम्वन्धमा
११. कफि नर्सरी व्यवस्थापनको सूचना प्रकाशन सम्वन्धमा
१२. सुरक्षित नागरिक आवास सञ्चालन सम्वन्धमा
१३. स्वास्थ्य उपकरण माग सम्वन्धमा
१४. आर्थिक सहायता सम्वन्धमा

**निर्णयहरु**

**निर्णय नं.१**

प्रस्ताव नं १ माथि छलफल भइ स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७७/०७/२६ को पत्र अनुसार आमचोक गाउँपालिकाको लागि ५ शैयाको आधारभूत अस्पताल स्वीकृत भएको र सो अस्पताल भवन निर्माणको लागि आधारभूत अस्तपताल भवन निर्माण सम्वन्धी निर्दिशिका २०७७ र स्वास्थ्य भवन पूर्वाधारको डिजाइन तथा निर्माण सम्वन्धी निर्देशिका २०७३ (पहिलो संसोधन २०७७) वमोजिम जम्मा लागत ७ करोड मात्र स्वीकृत भएको तर सो समयमा आमचोक गाउँपालिकाको अस्पताल भवन निर्माणको लागि यहाँको जनसंख्या र भौगोलिक अवस्थालाई समेत मध्येनजर राखी भूगोल र दुरीको हिसावले विकट र दुर्गम गाउँपालिका भएको र भोजपुर-उदयपुर विचको दुधकोशीमा पक्की पुल नभएकोले सामान्य स्वस्थ्य उपचारको लागि दुइदिन सम्म लगाएर धरान/विराटनगर जानुपर्ने वाध्यतालाई ध्यान दिइ १० शैयाको अस्पताल भवन निर्माणको लागि विस्तृत परियोजना प्रतिवेदन तयारी भइसकेको र १० शैयाको अस्पताल भवन निर्माणको लागि इ-टेण्डर गरी मिति २०७८/०३/२५ मा ठेक्का नं:ARM/WORKS/NCB/05/2077-78 "CONSTRUCTION OF AAMCHOWK AADHARBHUT ASPATAL" कार्यको लागि आमचोक गाउँपालिकाको कार्यलय र सगरमाथा घिमिरे निर्माण सेवा खोटाङ्ग बिच जम्मा कर र कन्टिन्जेन्सी सहित रु. १५,०४,८०,७१३।१० मा कार्य सम्पन्न गर्ने गरी दुइ पक्षिय सम्झौता भइ काम भइरहेको र हालसम्म पेश्की रकम रु.२,४०,००,०००। र कार्य सम्पन्नको आधारमा रनिङ विल वापत रु.३,७६,५९,९१५.६३। भुक्तानी भएको र हाल सम्म ४४% भौतिक प्रगती भएको र तिव्र गतिमा निर्माण कार्य भइरहेकोले १० शैयाको अस्पताल भवन स्वीकृतिका लागि अनुरोध र वाँकी अपुग रकम माग स्वास्थ्य तथा जनसंख्या मन्त्रालय,रामशाहपथ,काठमाण्डौमा गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत २०८०/१२/२५ आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय नालंबा, भोजपुर ०८०/१२/२५ अशोक राई अध्यक्ष

**निर्णय नं.२**

प्रस्ताव नं २ माथि छलफल भइ मिती २०८०/११/१३ मा IFB NO.: ARM/NCB/WORKS/02/2080-081 "Construction of Cold Store at Aamchowk Rural Municipality ward -3, Thidinkha" कार्यको लागि आमचोक गाउँपालिकाको कार्यालयले बिधुतिय माध्यम (EBIDDING) मार्फत बोलपत्र आव्हान गरी सोको सूचना आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशीत भए अनुरुप ई-बिड मार्फत १(एक) वटा बोलपत्र M/s J.P. Engineering and Construction Pvt Ltd Chandragiri पेश हुन आएको र ARM/NCB/WORKS/02/2080-081 "Construction of Cold Store at Aamchowk Rural Municipality ward -3, Thidinkha" कार्यको मुल्याङकन समितीले मुल्याङ्कन गरी पेश गरेको मुल्याङ्कन प्रतिबेदन अनुसार M/s J.P. Engineering and Construction Pvt Ltd Chandragiri ले पेश गरेको प्राबिधिक प्रस्ताब माग भए बमोजिम भएको मुल्याङ्कन समितिको प्रतिवेदन वमोजिम उक्त सारभुत रुपमा प्रभाबग्राही बोलपत्रलाई सार्बजनिक खरीद नियमावली २०६४ को नियम ३१ (ङ) को उपनियम ५ बमोजिम प्राबिधिक प्रस्ताव स्वीकृत गरी प्रकृया अगाडी वढाउने ।

**निर्णय नं.३**

प्रस्ताव नं ३ माथि छलफल भइ कोशी प्रदेश सरकारलाई आर्थिक वर्ष २०८१/८२ को लागि तपशिल वमोजिमको योजनाहरु माग गर्ने ।

**१ आर्थिक मामिला तथा योजना मन्त्रालय**

| सि.नं. | कार्यक्रमको नाम | ठेगाना | वजेट | कैफियत |
|---|---|---|---|---|
| १ | आमचोक चिया प्रशोधन कारखाना निर्माण | आमचोक- २, भोजपुर | २ करोड | प्रदेशको अधुरो योजना |
| २ | वालांखा वजार विस्तार तथा व्यवस्थापन | आमचोक-४, भोजपुर | ५ करोड | |
| ३ | वालांखा कभर्ड हल निर्माण | आमचोक-४, भोजपुर | २ करोड | |
| ४ | वडा कार्यावय भवन | आमचोक- २, भोजपुर | १ करोड | |
| ५ | वडा कार्यालय भवन निर्माण | आमचोक-३, भोजपुर | १ करोड | |
| ६ | वयाङ खेलमैदान निर्माण | आमचोक-६, भोजपुर | २ करोड | |

**२ भौतिक पूर्वाधार विकास मन्त्रालय**

| सि.नं. | कार्यक्रमको नाम | ठेगाना | वजेट | कैफियत |
|---|---|---|---|---|
| १ | थिदिङ्खा-वालांखा-वयाङ-घोरेटार सडक | आमचोक र हतुवागढी गाउँपालिका,भोजपुर | ८० करोड | डिपिआर सम्पन्न |
| २ | वयाङ-दुम्रे-हैखराङ्ग सडक स्तरउन्नती | आमचोक-६,७ र ८, भोजपुर | ५ करोड | |
| ३ | वयाङ पावला आमवोटे दुम्माना सडक स्तरोन्नती | आमचोक,६,७,५ र ९,भोजपुर | ७ करोड | |
| ४ | एखुवा खोला चिसापानी पक्की पुल | आमचोक ७ र ८,भोजपुर | ७ करोड | डिपिआर सम्पन्न |
| ५ | एखुवा खोला आमवोटे पक्कीपुल | आमचोक- ५ र ९-भोजपुर | ७ करोड | डिपिआर र निर्माण गर्नु पर्ने । |
| ६ | वालांखा खेलकुद मैदान निर्माण | आमचोक- ४,भोजपुर | ५ करोड | डिपिआर सम्पन्न |
| ७ | यूँ-वतासे-वासिङथर्पू सडक स्तर उन्नती | आमचोक-२ र १, भोजपुर | १ करोड | |
| ८ | घारे-धारापानी सडक स्तरउन्नती | आमचोक-१०, भोजपुर | ५० लाख | |
| ९ | बालंखा-रागातुङ-चण्डिथान सडक स्तरउन्नती | आमचोक-४, भोजपुर | १ करोड | |
| १० | दुम्माना-वोखिम्टार-जोगेपाथर सडक स्तर उन्नती | आमचोक-९, भोजपुर | १ करोड | |
| ११ | बाराताङ्ग सेपि खाम्ताङ्ग सडक निर्माण आमचोक-७ | आमचोक-७, भोजपुर | ५० लाख | |

प्रमुख प्रशासकीय अधिकृत २०८०/१२/२५

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वालांखा, भोजपुर

२०८०/१२/२५

३ स्वास्थ्य मन्त्रालय

| सि.नं. | कार्यक्रमको नाम | ठेगाना | वजेट | कैफियत |
|---|---|---|---|---|
| १ | स्वास्थ्य कार्यालयको भवन निर्माण | आमचोक-३, भोजपुर | ३ करोड | |
| २ | स्वास्थ्य चौकी भवन निर्माण | आमचोक-२, भोजपुर | १ करोड | |

४ आन्तरिक मामिला तथा कानून मन्त्रालय

| सि.नं. | कार्यक्रमको नाम | ठेगाना | वजेट | कैफियत |
|---|---|---|---|---|
| १ | सशस्त्रवेस क्याम्प यूँको भवन निर्माण | आमचोक-२, भोजपुर | ३ करोड | ५ रोपनी जग्गा प्राप्ती भएको |

५ खनेपानी,सिंचाई तथा उर्जा मन्त्रालय

| सि.नं. | कार्यक्रमको नाम | ठेगाना | वजेट | कैफियत |
|---|---|---|---|---|
| १ | एक घर एक धारा कार्यक्रम | आमचोक गाउँपालिका,भोजपुर | ३ करोड | (क्रमागत) |
| २ | एखुवा खोला चुमाराङ्ग लिफ्टिङ सिंचाइ योजना | आमचोक-३, भोजपुर | २ करोड | डिपिआर भएको |
| ३ | किनुवा खोला सिंचाई लिफ्टिङ | आमचोक-८, भोजपुर | १ करोड | |
| ४ | जल्केनी खानेपानी लिफ्टिङ योजना | आमचोक-९, भोजपुर | ५० लाख | |
| ५ | एखुवा खोला चुलिडाँडा लिफ्टिङ्ग खानेपानी योजना | आमचोक-७, भोजपुर | ४ करोड | |
| ६ | खम्वेखोला सिंचाई योजना | आमचोक-५, भोजपुर | ५० लाख | |

६ उद्योग,कृषि तथा सहकारी मन्त्रालय

| सि.नं. | कार्यक्रमको नाम | ठेगाना | वजेट | कैफियत |
|---|---|---|---|---|
| १ | शीत भण्डार गृह निर्माण ( क्रमागत) | आमचोक-३ भोजपुर | २ करोड | |
| २ | किवि व्लक कार्यक्रम | आमचोक-१, भोजपुर | ५० लाख | |

७ सामाजिक विकास मन्त्रालय

| सि.नं. | कार्यक्रमको नाम | ठेगाना | वजेट | कैफियत |
|---|---|---|---|---|
| १ | वहुउद्येश्यिय सुरक्षित आवास गृह (Safe House ) निर्माण | आमचोक-४, भोजपुर | ३ करोड | |

८ पर्यटन,वन तथा वातावरण मन्त्रालय

| सि.नं. | कार्यक्रमको नाम | ठेगाना | वजेट | कैफियत |
|---|---|---|---|---|
| १ | थामडाँडा पर्यटन पुर्वाधार विकास कार्यक्रम | आमचोक-२, भोजपुर | ३ करोड | डिपिआर सम्पन्न |
| २ | छौंखा सांकेवा पार्क निर्माण | आमचोक-४, भोजपुर | ५ करोड | डिपिआर सम्पन्न |
| ३ | सिंहदेविथान वासिराङ व्यवस्थापन | आमचोक-२, भोजपुर | १ करोड | डिपिआर सम्पन्न |
| ४ | श्री महायन देक्षन छ्योलिङ गुम्वा निर्माण | आमचोक-१, भोजपुर | ५० लाख | |
| ५ | थलथले पिकनिक स्पोर्ट निर्माण | आमचोक-१, भोजपुर | ५० लाख | |
| ६ | चण्डिथान पिकनिक स्पोर्टस निर्माण | आमचोक-६, भोजपुर | ८० लाख | |
| ७ | वुवाखोला महादेवथान मन्दिर निर्माण | आमचोक-१, भोजपुर | ५० लाख | |
| ८ | हिमालयन महायान छ्योलिङ्ग गुम्वा निर्माण | आमचोक-३, भोजपुर | ३ करोड | |

प्रमुख प्रशासकीय अधिकृत
२०८०/१२/२५

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वालंखा, भोजपुर

२०८०/१२/२५
अध्यक्ष

**निर्णय नं.४**

प्रस्ताव नं ४ माथि छलफल भइ मिति २०७९/०३/०३ मा ठेक्का नं:ARM/WORKS/NCB/03/2078-79 "BALAN KHANEPANI YEK GHAR YEK DHARA CONSTRUCTION WORKS " कार्यको लागि आमचोक गाउँपालिकाको कार्यलय र आर एण्ड आर आर निर्माण सेवा भोजपुर बिच दुइ पक्षिय सम्झौता भइ काम भइरहेको हुदाँ निर्माण व्यवसाय बाट दोस्रो रनिङ बिल भुक्तानि माग गरिएकोमा प्राविधिक प्रतिवेदन/हालसम्मको मुल्याकंन तयार गरी प्राविधिक शाखाले पेश गरे वमोजिम तपशिल वमोजिमको रनिङ विल रकम भुक्तानी दिने ।

- सम्झौता रकमः रु. १,००,९७,५४२ ( मु.अ. क बाहेक)
- दोस्रो रनिङ बिल बाट आएको रकमः रु.२५,९१,६०२
- मु.अ.क (१३ %) : रु.३,३६,९०८।२६
- जम्मा रकम मु अ कः रु २९२८५१०।२६
- कन्टिनजेनसि (४%) : रु.१,१७,१४०।४२
- जम्मा खर्च रकमः रु. ३०,४५,६५०।६७
- पेश्की कट्टीः रु. १,००,०००।-
- धरौटि कट्टि रकम(५%) : रु. १,२९,५८०।१
- अग्रिम आय कर (१.५%) :रु ३८,८७४।०३
- अन्य कर : रु १,०१,०७२।४७
- भुक्तानि हुने रकम : रु. २५,५८,९८३।६५

**निर्णय नं.५**

प्रस्ताव नं. ५ माथि छलफल भई शिक्षा तर्फ विद्यालय शिक्षा क्षेत्र योजना शसर्त अनुदान अन्तर्गत सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड ब्यवस्थापन शिर्षकको रु. ९६४०००। रकमको आधारभूत विद्यालय र माध्यमिक विध्यालयको माग र सार्वजनिक खरीद ऐन र नियमावली वमोजिम स्यानिटरी प्याड खरीद गरी विद्यालयहरुलाई वितरण गर्ने ।

**निर्णय नं.६**

प्रस्ताव नं.६ माथि छलफल भई आर्थिक वर्ष २०८०/८१ को स्वास्थ्य शसर्त तर्फ कार्यपालिकाको निर्णय वमोजिमको रु. १८०००००। ,नेपाल सरकार वितिय समानीकरण तर्फ वडा नं ५ को कम्प्यूटर तथा प्रिन्टर खरीद शिर्षकको रु. १५००००।, वडा नं ३ को प्रिन्टर र प्रोजेकटर खरीद शिर्षकको रु.२०००००। र वडा नं ९ को वडा कार्यालय व्यवस्थापन तर्फ रु.५००००। को कम्प्यूटर,प्रिन्टर र प्रोजेक्टर खरीदको लागि लागत अनुमान स्वीकृत गरी २० सेट ल्यापटप,१९ सेट कलर प्रिन्टर र ३ सेट प्रोजेक्टर खरीदको लागि जम्मा रु.१९९७६००। को इ-टेण्डर आह्वान गरिएकोमा पारागन आइटी सोलुसन प्रा.लि. इटहरीको कवोल अंक सवै भन्दा कम रु. १७९५००५ (अक्षेरुपी सत्रलाख पन्चानव्वहजार पाँच रुपैया मात्र) को खरीद भएकोले वाँकी रकम रु. ४०४९९५। को खरीद नियमावली वमोजिम सोहि प्रा.लि.वाट ल्यापटप र प्रिन्टर खरीद गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत २०८०/१२/२५

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वालंखा, भोजपुर

८०/१२/२५ अशोक राई अध्यक्ष

**निर्णय नं.७**

प्रस्ताव नं.७ माथि छलफल भई आमचोक गाउँपालिका वडा नं- ४ मा डम्पिङ साइत निर्माणको लागि आमचोक ४ निवासी श्री भोटुमान बिश्वकर्माको नाती श्री बहालसिंह बिश्वकर्माको छोरा वर्ष ४३ को श्री शेर बहादुर बिश्वकर्माले साविक चण्डिवजार गाविस वडा नं.३ को कित्ता नं.२ को क्षेत्रफल १३-०-३-१ मध्ये उत्तर पश्चिम दिसावाट क्षेत्रफल २-०-०-० निशुल्क जग्गा उपलव्ध गराएकोले सो जग्गा प्राप्त गर्नको लागि स्वीकार गरी सरकारी जग्गा दर्ता,उपयोग तथा लिजमा उपलव्ध गराउने सम्वन्धी कार्यनीति,२०७९ को दफा ५ वमोजिम जग्गा प्राप्त गर्ने कुराको निर्णय र प्रारम्भिक कारवाहि चलाउने अधिकारी यस गाउँपालिकाको वडा नं ४ का वडा सचिव श्री हेमराज विष्टलाई तोक्ने ।

**निर्णय नं.८**

प्रस्ताव नं.८ माथि छलफल भई आमचोक गाउँपालिकाको नागरिक उपचार कोष सञ्चालन कार्यविधी-२०७९ को दफा ९ को उपदफा(१) वमोजिम पालिकास्तरीय सिफारिस समितिद्वारा उपदफा ३ (ख) अनुसार दफा ४ वमोजिमको उपचार कोष प्राप्त गर्ने व्यक्तिलाई आवश्यक कागजात सहित सिफारिस भई आएकोले कार्यविधिकको दफा ६ को उपदफा (३) बमोजिम तपशिल वमोजिम आन्तरिक राजश्वको गाउँसभाले विनियोजित नागरिक उपचार कोषवाट उपचार खर्च रु.१०००००। (अक्षेरुपी एकलाख मात्र) उपलव्ध गराउने ।

तपशिल

| क्र.सं. | सिफारीस गरीएको बिरामिको नाम | ठेगाना | नागरीक्ता प्रमाण पत्र नं./जन्म दर्ता प्र. प. नं. | रोगको नाम | रोग पत्ता लागि उपचार भएको/उपचाररत रहेको अस्पताल |
|---|---|---|---|---|---|
| १ | अशोक मगर, ३४ बर्ष,पुरुष | आमचोक-१० ,भोजपुर | नाप्रप्रनं ०१३०६३/१८५ | दुर्घटनामा परि पूर्ण प्यारालाइसिस | पिपल्स मेडिकल कलेज प्रालि काठमण्डौ |

**निर्णय नं.९**

प्रस्ताव नं.९ माथि छलफल भई आर्थिक वर्ष २०८१/८२ को गाउँसभाको तपशिल वमोजिमको कार्यतालिका स्वीकृति गर्ने ।

| क्र.सं. | विवरण | मिति |
|---|---|---|
| १ | राजस्व परामर्श समितिको वैठक | २०८१ वैशाख १३ |
| २ | श्रोत अनुमान तथा वजेट सिमा निर्धारण समितिको वैठक | २०८१ वैशाख १४ गते |
| ३ | कार्यपालिकाको वैठक नीति कार्यक्रमको विषयमा अवधारणा प्रस्तुत | २०८१ वैशाख १५ |
| ४ | वडा स्तरीय | |
| | (क) वडा समितिको वैठक | २०८१ वैशाख १६ गते |
| | (ख) वस्ती स्तरको योजना छनौट | २०८१ वैशाख २० देखि ३० |
| | (ग) वडा स्तरको सरोकारवालाहरुसंगको छलफल | २०८१ जेष्ठ ५ र ६ गते |
| | (घ) वडा समितिवाट योजना छनौट | २०८१ जेष्ठ १५ गते भित्र |
| ५ | पालिका स्तरीय | |
| | (क) गाउँपालिकाको शाखा अनुसारको वजेट तथा कार्यक्रमको विषयमा छलफल | २०८१ जेष्ठ २ देखि ५ |
| | (ख) गाउपालिका स्तरीय सरोकारवालाहरुसंगको छलफल | २०८१ जेष्ठ ६ देखि १० |
| ६ | समिति स्तरिय वैठक | |
| | (क) आर्थिक विकास समितिको वैठक | २०८१ जेष्ठ १९ |
| | (ख) सामाजिक विकास समितिको वैठक | २०८१ जेष्ठ २० |
| | (ग) पूर्वाधार विकास समितिको वैठक | २०८१ जेष्ठ २१ |
| | (घ) वातावरण तथा विपद व्यवस्थापन समितिको वैठक | २०८१ जेष्ठ २२ |
| | (ङ) विकास तथा सेवा प्रवाह तथा शुसासन समितिको वैठक | २०८१ जेष्ठ २३ |

प्रमुख प्रशासकीय अधिकृत २०८०/१२/२५

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वालंखा, भोजपुर

२०८०/१२/२५

अशोक राई अध्यक्ष

| क्र.सं. | विवरण | मिति |
|---|---|---|
| ७ | विधायन समितिको वैठक | २०८१ जेष्ठ २४ देखि २६ |
| ८ | योजना तथा वजेट तर्जुमा समितिको वैठक | २०८१ असार १ र २ |
| ९ | गाउकार्यपालिकाको वैठक | २०८१ असार ६ र ७ |
| १० | गाउँसभा | २०८१ असार १०-२७ |
| | (क) नीति,कार्यक्रम तथा वजेट प्रस्तुत | २०८१ असार १० |
| | (ख) गाउँसभाले स्वीकृत गर्नु पर्ने अन्य विषयहरु पेश छलफल तथा स्वीकृत | २०८१ असार २७ |
| ११ | शुत्रमा वजेट प्रविष्टी | २०८१ असार २८-३० |
| १२ | दर रेट निर्धारण समितिको वैठक | २०८१ असार ३१ |
| १३ | आर्थिक वर्ष २०८१/८२ को खरीद योजना तयारी तथा स्वीकृति | २०८१ श्रावण ५ |

**निर्णय नं.१०**

प्रस्ताव नं.१० माथि छलफल भई आमचोक गाउँपालिकाको विपद जोखिम तथा व्यवस्थापन ऐन २०७६ को दफा ३ वमोजिम तपशिल वमोजिमको गाउँ विपद व्यवस्थापन समिति गठन गर्ने ।

१. गाउँपालिका अध्यक्ष श्री अशोक राई -संयोजक
२. गाउँपालिका उपाध्यक्ष श्री सीता राई -सदस्य
३. प्रमुख प्रशासकीय अधिकृत श्री धन कुमार राई-सदस्य
४. सामाजिक विकास समितिका संयोजक श्री वालदिप राई-सदस्य
५. आर्थिक विकास समितिको संयोजक श्री रोशन मगर -सदस्य
६. पूर्वाधार विकास समितिको संयोजक श्री राम प्रसाद राई -सदस्य
७. वातावरण तथा विपद व्यवस्थापन विकास समितिका संयोजक श्री नविन राई -सदस्य
८. संस्थागत विकास तथा सेवा प्रवाह र शुसासन समितिका संयोजक श्री वम वहादुर वस्नेत-सदस्य
९. प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय -सदस्य
१०. वालंखा इलाका प्रहरी कार्यालय प्रमुख -सदस्य
११. नेकपा माओवादी केन्द्र आमचोक गाउपार्टी अध्यक्ष श्री सन्दीप किरावा-सदस्य
१२. नेपाली काङ्ग्रेस आमचोक गाउँपार्टी सभापती श्री रविन राई -सदस्य
१३. नेकपा एमाले गाउँपार्टी अध्यक्ष श्री शुक्रदेव राई -सदस्य
१४. नेपाल रेडक्रस सोसाईटीका स्थानीय प्रतिनिधि श्री मान वहादुर खड्का-सदस्य
१५. प्राविधिक शाखा प्रमुख ईन्जिनियर विपन सुवेदी -सदस्य सचिव

**निर्णय नं.११**

प्रस्ताव नं.११ माथि छलफल भई आर्थिक वर्ष २०८०/८१ को गाउँसभाले नेपाल सरकार वित्तिय समानीकरण अनुदान अन्तर्गत कफि नर्सरी व्यवस्थापनको लागि विनियोजित रु.६०००००।(अक्षेरुपी छलाख) खर्च हुने गरी ४ वटा कृषक समूह वा कृषि फर्महरुलाई ५० प्रतिशत साझेदारी हुने गरी प्रति कृषक समूह/कृषि फर्मलाई रु.१५००००।(अक्षेरुपी एकलाख पचासहजार) अनुदान हुने गरी कफि नर्सरी व्यवस्थापनको लागि १५ दिने सूचना प्रकाशन गर्ने ।

**निर्णय नं.१२**

प्रस्ताव नं.१२माथि छलफल भई आमचोक गाउँपालिकाको "सुरक्षित आवासगृह (Safe House) संचालन कार्यविधि, २०७७" वमोजिम आमचोक गाउँपालिकमा सुरक्षित नागरिक आवास गृह सञ्चालन गर्नु पर्न भएकोले आमचोक गाउँपालिकाको लैंगिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०८० वमोजिम खर्च हुने गरी उपयुक्त घर भाडामा लिनको लागि सूचना प्रकाशन गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत
२०८०/१२/२५

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वालंखा, भोजपुर

अशोक राई
अध्यक्ष
०८०/१२/२५

**निर्णय नं.१३**
प्रस्ताव नं.१३ माथि छलफल भई भोजपुर जिल्लाको आमचोक गाउँपालिकाको भूगोल र दुरीको हिसावले विकट र दुर्गम गाउँपालिका भएको र भोजपुर-उदयपुर विचको दुधकोशीमा पक्की पुल नभएकोले सामान्य स्वस्थ्य उपचारको लागि दुइदिन सम्म लगाएर धरान/विराटनगर जानुपर्ने वाध्यतालाई ध्यान दिइ १० शैयाको अस्पताल समेत निर्माणाधिन रहेकोले आर्थिक वर्ष २०८०/८१ देखि आधारभूत अस्पताल सञ्चालन भइरहेकोले यस गाउपालिकाले खरीद गर्न नसकेका तपशिल वमोजिमको उपकरणहरु संघीय सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय,रामशाहपथ,काठमाण्डौमा माग गर्ने ।

**तपशिल**

क) CR X-ray Machine-1

ख) 4D USG Machine-1

ग) Auto Biochemistry and hematology Analyzer Machine-1/1

**निर्णय नं.१४**
प्रस्ताव नं.१४ माथि छलफल भई आमचोक वडा नं ७ निवासी श्री टेक वहादुर मगरको छोरा वर्ष २१ को हस्त वहादुर मगरको मिति २०८० चैत्र २१ गते लडेर मृत्यु भएको वा अन्य कारणले हाल प्रहरीले अनुसन्धन गरिरहेकोले पोष्टमार्टम गर्नको लागि जिल्ला अस्पताल भोजपुरमा लादाँ भएको भाडा वापतको खर्च रकम माग भएको निवेदन र वडाको सिफारिस वमोजिम सो परिवार अति विपन्न भएकोले नेपाल सरकार राजश्व अनुदानको अन्य सहायता शिर्षकवाट रु.३५०००। (अक्षेरुपी पैतिसहजार मात्र) उपलव्ध गराउने ।

प्रमुख प्रशासकीय अधिकृत
२०८०/१२/२५

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वालंखा, भोजपुर

०८०/१२/२५
अशोक राई
अध्यक्ष